सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३२१ ♦ २०८२ साल असार २१ गते शनिवार ♦ 5 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## धनुषामा सशस्त्र प्रहरी र तस्कर बीच भिडन्त, ६ प्रहरी घाइते




**खबर दर्पण समाचारदाता**
**असार २० गते, महेन्द्रनगर**

धनुषाको विदेह नगरपालिका २ दुहबीमा तस्कर र सशस्त्र प्रहरी बीच बिहीबार राति झडप भएको छ।सशस्त्र प्रहरीले तस्कर लाई नियन्त्रणमा लिन खोज्दा भिडन्त भएको हो।आत्मरक्षाका लागि सशस्त्रले अश्रुग्यास र हवाई फायर गरेका छन् । सो क्रममा तस्करी गर्नेहरूको समूहले आक्रमण गर्दा केहि सशस्त्र प्रहरी घाइते समेत भएको बुझिएको छ।

सशस्त्र प्रहरीका एसपी निर्मल खड्काले तस्करीको समान नियन्त्रणमा लिन एउटा घरमा छापा मार्न पुग्दा स्थानीयले आक्रमण गरेको जानकारी दिए । उनले स्थिति नियन्त्रणमा लिन प्रहरीले १२ सेल अश्रुग्यास र ४ राउण्ड हवाई फायर गरेको बताए ।

उनका अनुसार आक्रमणमा छ जना प्रहरी घाइते समेत भएका छन् । उनीहरू जनकपुर धामस्थित प्रादेशिक अस्पतालमा उपचाररत छन् ।स्थानीयले तस्करलाई सघाएपछि सशस्त्र प्रहरीले तस्कर र तस्करीको समान समात्न असफल भए । एसपी खड्काले तस्करीको समान नियन्त्रणमा लिने स्थिति नरहेपछि फर्किनुपरेको सुनाए । सशस्त्र प्रहरी र तस्करबीच भएको भिडन्तबारे नेपाल प्रहरी भने अनभिज्ञ छन् । धनुषाका प्रहरी प्रमुख एसपी नरहरि रेग्मीले भने, 'तस्करसंग सामान्य विवाद भएको छ। त्यस विषयमा सशस्त्रलाई नै सोध्नुस् न ।

'दुहबी भारतीय सीमा क्षेत्र (दसगजा) मै टाँसिएको छ। यहाँका अधिकतर व्यक्ति तस्करीमा संलग्न छन् । यो नाकाबाट तस्करी नियन्त्रणमा पुग्ने प्रहरीमाथि यसअघि पनि पटक पटक आक्रमण भएको छ ।

## जलेश्वर नगरपालिकाको ७७ करोडको बजेट सार्वजनिक

**खबर दर्पण समाचारदाता**
**असार २० गते, बर्दिवास**




जलेश्वर नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ७७ करोड रुपैयाँभन्दा बढीको बजेट सार्वजनिक गरेको छ। नगर पालिकाको १६ औं नगरसभा हालै सम्पन्न भएको हो, जसमा आगामी वर्षका नीति तथा कार्यक्रमहरू सर्वसम्मत रूपमा पारित गरिएका छन्।

नगरप्रमुखले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, रोजगारी सिर्जना, जल व्यवस्थापन र वातावरणीय संरक्षणलाई प्राथमिकतामा राखिएको जानकारी गराए। बजेट समावेशी विकास र दिगो प्रगतिलाई लक्ष्य गर्दै विनियोजन गरिएको छ।

नगरसभामा सहभागी प्रतिनिधिहरूले पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने सुझाव दिएका थिए। सार्वजनिक गरिएको बजेटले स्थानीय विकास योजनाहरू कार्यान्वयनमा मार्गदर्शन गर्ने विश्वास व्यक्त गरिएको छ।

१६ औं नगरसभामा पूर्व कृषि मन्त्री हरिनारायण यादव प्रमुख अतिथि रहेका थिए। उनले बजेटको परिणाममुखी कार्यान्वयन, नागरिक सहभागिता र स्थानीय तह सशक्तीकरणको आवश्यकता औंल्याएका थिए।

कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी, उपप्रमुख रौशन खातुन, नेपाल प्रहरीका डीएसपी, सशस्त्र प्रहरीका एसपी, परकौली ब्यारेकका मेजर, राजनीतिक दलका प्रतिनिधि, वडा अध्यक्षहरू तथा सञ्चार कर्मीहरूको उपस्थिति रहेको थियो। उद्घोषणको भूमिका अजय शर्माले निर्वाह गरेका थिए।

## जसपाका प्रदेश अध्यक्ष यादवलाई पक्राउ गर्न हजार बढी प्रहरी तैनाथ

**खबर दर्पण समाचारदाता**
**असार २० गते, बर्दिवास**

जसपा नेपालका मधेश प्रदेश अध्यक्ष तथा पूर्व प्रदेश सांसद अशोक यादवलाई पक्राउ गर्न सर्लाहीमा एक हजारभन्दा बढी प्रहरी तैनाथ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

नेता यादवलाई पक्राउ गर्न


बाँकी पृष्ठ २




# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जसपाका प्रदेश ....

सर्लाही जिल्ला अदालतबाट शुक्रबार दिउँसो पक्राउ पुर्जी जारी भएपछि पक्राउ गर्न सर्लाही प्रहरीले जिल्लाका सम्पूर्ण युनिटलाई पूर्ण तयारी अवस्थामा राखेको छ। जिल्लामा रहेका सम्पूर्ण प्रहरी युनिटलाई निगरानी गर्न तथा जहाँ देखिए पनि तत्काल पक्राउ गर्न निर्देशन दिइसकिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी सरोज राईले जानकारी गराएका छन्।

प्रहरीले नेता यादवको मोबाइलको ट्रेकिङ गरिरहेको तथा केन्द्रसित मोबाइलको लोकेसन पत्ता लगाउने काममा समन्वय भइरहेको डिएसपी राईले जानकारी गराएका छन्। जिल्लाको विभिन्न युनिटबाट प्रहरी ल्याएर जिल्ला प्रहरी कार्यालयमा पूर्ण तयारी अवस्थामा रहेको र प्रहरीले सबैतिर निगरानी बढाएको बताउँदै डिएसपी राईले नेता यादवलाई पक्राउ गर्ने जानकारी गराए।

नेता यादव र सर्लाही प्रहरी प्रमुख एसपी योगेन्द्रकुमार खड्काबिच बिहीबार राति गालीगलौज भएको अडियो सार्वजनिक भइसकेको छ। गालीगलौजको घटनापछि बिहीबार राति नेता यादवलाई पक्राउ गर्न गएको प्रहरी टोलीमाथि ढुंगामुढा प्रहार भएको थियो।

नेता यादवका मानिसहरूले प्रहरीको गाडीमाथि आक्रमण गरी तोडफोड गरेको, प्रहरीको काम कारबाहीमा अवरोध सिर्जना गरेको र सार्वजनिक बाटो रोकेको आरोप प्रहरीले यादवमाथि लगाएको छ।

सरकारी गाडी, सम्पत्ति तोडफोड गरेको र सरकारी कामकाजमा बाटो रोकेर बाधा व्यवधान सिर्जना गरेको आरोप नेता यादवमाथि रहेको छ। प्रहरी प्रतिवेदनको आधारमा पक्राउ पुर्जी जारी भएको भएको बताएको छ।

# जनकपुरधामको ऐतिहासिक मणिमण्डपको स्वरूप फेरिँदै

**खबर दर्पण समाचारदाता**

**असार २० गते, जनकपुरधाम**

जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको मणिमण्डप क्षेत्रको सौन्दर्यीकरणको काम अन्तिम चरणमा पुगेको छ ।

सरकारको १८ करोड ९१ लाखभन्दा बढीको लागतमा जनकपुरधामको मणिमण्ड सहित ५ वटा स्थलको निर्माण भएको थियो । त्यसमध्ये बढी लागतमा बनेको र धार्मिक पर्यटकीय स्थलको रुपमा प्रसिद्ध रहेको मणिमण्डप क्षेत्रको निर्माणकार्य ९५ प्रतिशत पुरा भएको शहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद यादवले जानकारी दिनुभयो ।



जनकपुरधाम उपमहानगर पालिका वडा नं १३ मा रहेको ऐतिहासिक महत्वको मणिमण्डपलाई विश्वका हिन्दुहरूका लागि वैवाहिक स्थलको रुपमा विकसित गर्ने उद्देश्यले सो क्षेत्रमा सुविधा सम्पन्न प्यालेस भवनको निर्माण भएको छ । उक्त भवनमा ७० जना अटाउने हल रहेको छ भने २१ वटा कोठा छन् ।

साथै दुई वटा सुविधा सम्पन्न २४ कोठाको धर्मशाला र विवाह मण्डप भवन र २ वटा पवेलियम रहेको छ ।

जनकपुरधामलाई वैवाहिक गन्तव्य स्थलको रुपमा विकसित गर्ने नेपाल सरकारको नीति अनुसार नै मणिमण्डप क्षेत्रको सौन्दर्यीकरणको काम भएको हो ।

करिब साढे तीन विगाह क्षेत्रफल रहेको मणिमण्डप क्षेत्रको सम्पूर्ण काम सकेपछि जनकपुरधाम उपमहानगरपालिकालाई हस्तान्तरण गरिने शहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख यादवले जानकारी दिनुभयो ।

काठमाडौंको रविना कन्स्ट्रक्सन ठेक्का पाएको सो आयोजनाको शुरुआत आर्थिक वर्ष २०७४-७५ देखि भएर यही असार भित्रमा सम्पन्न गर्ने गरि अहिले अन्तिम चरणको काम तीव्र रुपमा भइरहेको कन्ट्रक्सनका इन्जिनियर निर्मल कुमार यादवले जानकारी दिनुभयो ।

सडक, ढल तथा गार्डेनसहितको सम्पूर्ण काम सकेपछि यस क्षेत्रको सौन्दर्यीकरणमा थप मद्दत पुग्नुका साथै मणिमण्डप आम्दानीको श्रोत बन्ने विश्वास लिइएको छ ।


## कृषि उत्पादन बढाऔं ।

❖खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
❖जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
❖स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
❖प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
❖कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
❖कृषि अनुदानको सही सदुपयोग गरौं,
❖बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह-सुझाव लिऊँ,

**कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।**

**मिथिला नगरपालिका, ढल्केवर, धनुषा**

## नसर्ने रोगबाट बच्ने उपाय ।

❖धूमपान र मद्यपान नगरौं,
❖ दैनिक शारीरिक व्यायाम गरौं,
❖मानसिक तनावबाट मुक्त रहौं,
❖अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
❖ स्वस्थकर र सन्तुलित भोजन गरौं,
❖ नियमित स्वास्थ्य जाँच गरौं,

**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मनराशिसवामा ज्येष्ठ नागरिकलाई सम्मान



**खबर दर्पण समाचारदाता**
**असार २० गते, बर्दिवास**

महोत्तरीको मनराशिसवा नगर पालिका-८ स्थित सरपल्लो झिंगास्थानमा आयोजित ज्येष्ठ नागरिक सम्मान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।

वडाध्यक्ष रामनाथ सहनीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनता समाजवादी पार्टी ( जसपा) नेपालका केन्द्रीय सदस्य दीपक झा 'गुड्डु' प्रमुख अतिथि थिए । कार्यक्रममा विभिन्न र ाजनीतिक दलका नेता, स्थानीय जनप्रतिनिधि, सामाजिक अगुवा र नागरिक समाजका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा वडाभित्रका ज्येष्ठ नागरिकहरूलाई दोसल्ला ओढाइ सम्मान गरियो । वडाध्यक्ष सहनीले समाजको सद्भाव, संस्कार र योगदानको सम्मानस्वरूप यस्तो कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

प्रमुख अतिथि झाले ज्येष्ठ नागरिकहरूलाई समाजका आधार शिला भन्दै उनीहरूका जीवन-अनुभव र विचारबाट नयाँ पुस्ताले मार्गदर्शन लिनुपर्नेमा जोड दिए। उनले यस्ता सम्मान कार्यक्रमहरूले सामाजिक एकता र मूल्य-मान्यता प्रवर्द्धन गर्न सघाउ पुर्याउने विश्वास व्यक्त गरे ।

# धनौजी गाउँपालिकाका तत्कालीन अध्यक्ष सिंह सहित नौ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**खबर दर्पण समाचारदाता**
**असार २० गते, बर्दिवास**

धनुषाको धनौजी गाउँपालिकाका तत्कालीन अध्यक्ष बद्री नारायण सिंहसहित नौ जनाविरुद्ध ३१ लाख ३४ हजार ७७८ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय सरकार बाट हस्तान्तरण भएको विशेष अनुदानतर्फ बजार नाला तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा क्रमशः ५० लाख र ४२ लाख रुपियाँ विनियोजन भएको थियो।

सो योजना कार्यान्वयन गर्ने क्रममा २०७८ वैशाख १३ गतेको कार्यपालिका बैठकले उक्त शीर्षकलाई संशोधन गरी बजार सेड सटर बनाएको, उक्त संशोधनको निर्णय गर्ने अधिकार गाउँपालिकालाई नरहेकोमा योजना संशोधन गरी गराइ विशेष अनुदानसम्बन्धी ( तेस्रो संशोधन) कार्यविधि, २०७७ विपरीतको कार्य गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ३ मा व्यवस्था भए अनुरुप कागजात तयार तथा स्वीकृत नगरे नगराएको, तीन वटा कम्पनीले पेस गरेको दर रेटमा एउटा आइटमबाहेक सबै आइटमहरुको दररेट एउटै पेस गरेको आयोगले जनाएको छ।

उहाँका अनुसार उक्त ठेक्काको म्याद मिति २०७८ चैत २५ गतेसम्म भएको र त्यसपछि म्याद थप नभएको अवस्थामा समेत मिति २०७९ असार २३ गतेदेखि २०७९ असोज १५ गतेसम्म भनी नभएको नगरेका कुरा भए गरेको देखाइ झुट्टा कागजात सिर्जना गरे गराएको, सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी नगराइ योजना अधुरो र अलपत्र रहेको अवस्थामा सो योजना सम्पन्न गर्न कुनै प्रयास गरेको देखिएको छैन।

धनौजी गाउँपालिकाको कार्यालय, धनुषाका उपाध्यक्ष रामवति देवी मण्डल, तत्कालीन प्रमुख प्रशासकीय अधिकृतद्वय गौरी शंकर मण्डल, सावन कुमार चौधरी, सव-इन्जिनियर छोटे मण्डल, तत्कालीन योजना शाखा प्रमुख नासु नरेश कुमार मण्डल, लेखापाल राधेश्याम राय, तत्कालीन सह-लेखापाल विनोद कुमार मण्डल, एकता सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रालिका सञ्चालक इन्द्रेश कुमार सिंहविरुद्ध सो मुद्दा दायर भएको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम गैर कानुनी लाभ प्राप्त गर्ने प्रकृतिको कसुरमा बिगो रकम ३१ लाख ३४ हजार ७७८ रुपियाँ कायम गरी उनीहरुविरुद्ध सजाय हुन मागदाबी लिइ आरोपपत्र दायर भएको आयोगले जनाएको छ।

# जनकपुरधाममा आत्महत्या न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न




**खबर दर्पण समाचारदाता**
**असार २० गते, बर्दिवास**

जनकपुरधामस्थित ज्ञानकुप स्कूलमा आत्महत्या न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ । मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयको आयोजनामा सम्पन्न उक्त कार्यक्रम गृह, सञ्चार तथा कानुन मन्त्री र ाजकुमार लेखीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक उमा प्रसाद चतुर्वेदी, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक नरहरी रेग्मी, विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिका र कक्षा ८, ९ र १० का विद्यार्थीसहित करिब १५० जना सहभागी थिए ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा मानसिक स्वास्थ्य, आत्महत्या न्यूनीकरणका उपाय, समयमै परामर्शको आवश्यकता र सकारात्मक सोचको विकासका विषयमा जानकारी दिइएको थियो ।

कार्यक्रम बिहान ८:३० बजे सुरु भई ११ बजे सम्पन्न भएको थियो ।

आयोजक मन्त्रालयका अनुसार आत्महत्या न्यूनीकरण जस्तो संवेदनशील विषयमा विद्यालयस्तर बाटै जनचेतना फैलाउनु अत्यन्त जरुरी भएकोले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

कार्यक्रमले विद्यार्थी र शिक्षकहरूमा सहयोगी वातावरण सिर्जना गर्ने र मानसिक स्वास्थ्यप्रति संवेदनशील बनाउने उद्देश्य राखेको थियो ।

कृषि उत्पादन बढाऔं ।

❖खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
❖जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
❖स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
❖प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
❖कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
❖कृषि अनुदानको सही सदुपयोग गरौं,
❖बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह-सुझाव लिऊँ,

कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।

मटिहानी नगरपालिका,
महोत्तरी

मनसुनजन्य विपद्बाट बच्ने उपाय

❖आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
❖बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
❖पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
❖घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
❖आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
❖विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
❖विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
❖सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# बलवा - ११ स्थित धमौरामा सुरक्षित प्रसूति सेवा र प्रयोगशाला सेवा सुरु



**खबर दर्पण समाचारदाता**

**असार २० गते, बर्दिवास**

महोत्तरीको बलवा नगरपालिका वडा नम्बर ११ अन्तर्गत रहेको धमौरा स्वास्थ्य चौकीमा सुरक्षित प्रसूति सेवा तथा प्रयोगशाला सेवाको शुभारम्भ गरिएको छ। शुक्रबार आयोजित एक विशेष समारोहकाबिच नगर प्रमुख राम विजय महतो र वडा अध्यक्ष अशोक कुमार यादवले संयुक्त रूपमा रिबन काटेर सेवा सञ्चालनको शुभारम्भ गरिएको हो ।

स्वास्थ्य चौकीमा प्रसूति सेवा सुरु भएसँगै स्थानीय गर्भवती महिलाहरूका लागि ठूलो राहतको विषय बनेको छ । अहिलेसम्म प्रसुति गराउन महिलाहरूलाई जनकपुर, जलेश्वर वा अन्य स्थानमा लैजानुपर्ने बाध्यता थियो। यसले गर्दा समयमै उपचार नपाउने, सास्ती व्यहोर्नुपर्ने र आर्थिक भार समेत बढ्ने अवस्था रहेकोमा अब आफ्नै वडामा सुरक्षित र सहज प्रसूति सेवा उपलब्ध हुने भएपछि नगरवासीहरू हर्षित भएका छन् ।

यसका साथै चौकीमा साना स्वास्थ्य परीक्षणका लागि आवश्यक प्रयोगशाला सेवा पनि सुरु गरिएको छ। अब त्यहाँ रगत, दिशा,पिसाब, सिआरपी, सुगर लगायतका सामान्य परीक्षण सहज रूपमा हुनेछन् । यसले प्राथमिक स्वास्थ्य सेवामा ठूलो सुधार ल्याउने विश्वास गरिएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख रामविजय महतोले स्वास्थ्य सेवाको पहुँच गाउँघर मै पु-याउने प्रतिबद्धता दोहोऱ्याउँदै धमौरा स्वास्थ्य चौकीको स्तरोन्नति र जनशक्ति व्यवस्थापनका लागि नगर पालिका तत्पर रहेको बताए । वडा अध्यक्ष अशोक कुमार यादवले वडाबासीका लागि यो ऐतिहासिक अवसर भएको भन्दै स्थानीयको सक्रिय सहभागिता र सहकार्य आवश्यक रहेको बताए ।

कार्यक्रममा स्थानीय महिलाहरूले स्वास्थ्य सेवा घर दैलोमै आएपछि सहजता हुने बताउँदै चौकीमा महिला स्वास्थ्यकर्मीको संख्या वृद्धि, २४ सै घण्टा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइदिन आग्रह गरेका थिए ।

यस उद्घाटनलाई स्थानीय तहले जनस्वास्थ्य सुधारको दिशामा उठाएको सकारात्मक कदमको रूपमा लिएको छ। बलवा नगर पालिकाको नेतृत्वमा भएको यो पहलले नगरका अन्य वडाहरूमा पनि स्वास्थ्य सेवा विस्तार हुने अपेक्षा गरिएको छ ।

विशिष्ट अतिथिको रूपमा स्वास्थ्य कार्यालय, जलेश्वरका प्रतिनिधि दिपेन्द्र राय यादव, सामाजिक अभियन्ता भोला पण्डित, नगरपालिका विभिन्न शाखाका प्रतिनिधि, स्वास्थ्यकर्मीहरू, वडाका जनप्रतिनिधिहरू, राजनीतिक दलका नेताहरू र कसर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# जनकपुरधाम उपमहानगरपालिका पूर्ण खोप सुनिश्चितता घोषणा



**खबर दर्पण समाचारदाता**

**असार २० गते, बर्दिवास**

जनकपुरधाम उपमहानगर पालिकाले पूर्णखोप सुनिश्चितता तथा खोप सेवाको दिगोपना सुनिश्चित भएको घोषणा भएको छ ।

स्वास्थ्य सेवा पहुँचमा सबल पहल कदमसहित जनस्वास्थ्य प्रवर्द्धनमा उल्लेखनीय प्रगति गर्दै उपमहानगरले यो उपलब्धि हासिल गरेको जनाएको छ ।

घोषणासँगै नगरभित्र १५ महिना मुनिका सबै बालबालिकाले नियमित खोप सेवा प्राप्त गरि सकेको र खोप कार्यक्रम स्थायी रूपमा सञ्चालन गर्न पर्याप्त पूर्वाधार, जनशक्ति र स्रोतसाधन सुनिश्चित भएको जानकारी दिइएको छ ।

नगर स्वास्थ्य शाखाका अनुसार स्थानीय तहको सक्रियता, स्वास्थ्यकर्मीहरूको समर्पण र समुदायस्तरको सचेतनाले यो उपलब्धि सम्भव भएको हो । कार्यक्रमको अवसरमा जनस्वास्थ्यमा योगदान पुऱ्याउने स्वास्थ्यकर्मी र सङ्घसंस्थालाई सम्मानसमेत गरिएको थियो ।

जनकपुरधाम उपमहानगरका प्रमुख मनोज कुमार साहले खोप सेवा जनताको मौलिक स्वास्थ्य अधिकार भएको उल्लेख गर्दै त्यसको दिगोपना सुनिश्चित गर्नु नगरपालिकाको प्राथमिकता भएको बताउनु भयो । उहाँले अबको ध्यान गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा केन्द्रित हुने बताउनु भयो ।

जिल्ला खोप समन्वय समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले जनकपुर धाम उपमहानगरपालिका पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा भएकोमा खुशी व्यक्त गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तर्फ अग्रसर हुनका लागि आग्रह गर्नु भयो ।

विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, नागरिक समाज तथा समुदायका अगुवाहरूको समेत उपस्थिति रहेको कार्यक्रममा खोप सुनिश्चितता र दिगोपनाको सफल कार्यान्वयनलाई नमूना नगरका रूपमा प्रस्तुत गरिएको थियो । कार्यक्रममा स्वास्थ्य कार्यालय धनुषाका कार्यालय प्रमुख उमेश यादव पनि सहभागी रहनु भएको थियो ।


## विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

**" विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"**

**बर्दिवास नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,